# मनको साङ्‌नो

## साङ्‌नोसङ्ग्रह

विष्णुप्रसाद पन्त

प्रकाशक : गुणनिधि पन्त स्मृति प्रतिष्ठान

लेखक : विष्णुप्रसाद पन्त

सम्पादक: डा. विष्णुकुमार खत्री

संस्करण : पहिलो, २०७८

मूल्य रू. : १२०।-

कम्प्युटर : जि.के. कम्प्युटर, चाबहिल

# साइनोमा जीवनदर्शन

नेपाली कवितामा पछिल्लो समयमा अनेकथरी प्रयोग हुँदैआएका छन् : साइनो, बाछिटा, खोरिया, उदक, सुसेली.... । विभिन्न स्रष्टाहरू आ-आफ्नो रुचि र जाँगरलाई उपयोग गर्दै लघुतम कविताको अभ्यासमा तत्पर रहेको पाइन्छ । यस्ता कतिपय उपविधाले सैद्धान्तिक स्वरूप र स्थानका पक्षमा आधारशिला खडा गर्न बाँकी नै छ तदपि स्रष्टाको सक्रियता उल्लेखनीय बन्दैगएको देखिन्छ। ७, ८ र ९ अक्षरको संरचनामा तीन हरफमा रचिने साइनोको सैद्धान्तिक धरातल स्थापित हुन समय लाग्ला । परन्तु नेपाली साहित्यका स्थापित स्रष्टा श्री विष्णुप्रसाद पन्तजी साइनो साधनामा तन्मय रहनुभएर झन्डै तीनसय रचना समेटेर 'मनको साइनो' शीर्षकको साइनोसङ्ग्रह नेपाली काव्य भण्डारमा सुम्पँदै हुनुहुन्छ । म नवीनतम कृति र कृतिकारलाई हार्दिक स्वागत गर्दछु ।

गुणवान्ले मात्र त
अरूको गुण देख्दछ
सुनारले नै सुन चिन्छ ।

धेरै टाढा नहेरौँ
खाल्डो नजिकै होला नि
सपना अधुरो रहला ।

जमिन बिर्सिनेले
आकाश छुन सक्दैन
हावामा तैरिनुपर्दछ ।

देश सिङ्गै बिग्रियो
व्यक्ति बन्ने चाहनाले
सोच बदल्न ढिलो भयो ।

लाज नहुने नेता
नेपालमा मात्र हो कि
अरू देशमा पनि हुन्छन् ?

नमुनाका रूपमा लिइएका माथिका साइनोले साइनोकार विष्णुप्रसाद पन्तको रचनागत प्रवृत्तिलाई सङ्केतसहित प्रतिनिधित्व गरेको बोध हुन्छ । 'मनको साइनो' भित्रका रचनाले कविको मानवीय प्रकृति वा स्वभाव, उद्देश्य, स्वार्थको सङ्केत गर्दै राष्ट्रप्रतिको चिन्तालाई अभिव्यञ्जित गरेका छन् । साथै नेपाली नेताहरू पथभ्रष्ट हुँदै गएतर्फ लक्षित गरिएको छ ।

यसबाट कवि पन्तको राष्ट्रप्रेम, मानवीय चरित्रसुधार, कर्मशीलता, आदर्शवादिता, निःस्वार्थताजस्ता आधारभूत लक्षणको पहिचान र विस्तारतर्फ लाग्नुपर्ने र जीवन सार्थकताका लागि प्रत्येक व्यक्ति गम्भीर बन्नुपर्ने विचार वा दर्शनलाई ध्वनित गराएको आभास हुन्छ । यस सङ्ग्रहका साइनो रचनामा स्रष्टाको जीवनदर्शन सशक्त रूपमा प्रवाहित भएको पाइन्छ । नेपाली जीवनशैली, संस्कृति, प्रकृति, सभ्यता, समाजका सन्दर्भहरूलाई उठाएर मानव जीवनलाई सफल पार्नुपर्ने सन्देश यिनले दिएका छन् ।

अन्त्यमा, कवि विष्णुप्रसाद पन्तजीको साइनो रचना उल्लेख्य बन्दैगएको देखिन्छ । यसतर्फको उहाँको चासो र सक्रियता निम्ति म हार्दिक बधाई दिन्छु र सफलताको कामना गर्दछु ।

२०७८ वैशाख १६ डा. शैलेन्दुप्रकाश नेपाल
टोखा न.पा.-५,
वसुन्धरा ।

# आफ्ना कुरा

एकजना मित्रले साइनो कविता लेख्दै गरेको भन्नुभयो । मैले प्रश्न गरेँ- कस्तो हुन्छ ? हामी फोनमा संवाद गर्दै थियौँ । मित्रले भन्नुभयो- गुगलमा खोज्नु भए पाइन्छ । गुगलमा खोज्दा पाएँ । त्यसपछि लेख्ने प्रयास गर्न थालेँ । कोरोनाको कराणले बाहिर घुम्न सहज नहुँदा र लकडाउन समेत भएकाले घरैमा बसेर केही सङ्ख्यामा कविता लेख्ने मौका मिल्यो । तीन हरफमा लेख्नुपर्ने हाइकु जस्तो रहेछ यो पनि । हाइकुमा ५, ७, ५ अक्षरका हरफ हुन्छन् भने साइनोमा ७, ८, ९ अक्षरहरू रहेका हुन्छन् । विषयवस्तु र प्रस्तुति फरक नै छन् ।

पुस्तकको रूपमा छपाउने कि नछपाउने भन्ने निर्णयमा पुग्न सकेको थिइन । यत्तिकैमा एकदिन साँझतिर डा. विष्णुकुमार खत्रीज्यू अरू नै कामले घरमा आउनुभएको थियो । उहाँलाई लेखेको केही कविता सुनाएँ । उहाँले पढ्ने इच्छा राख्नुभयो र केही पन्ना पढ्नुभयो । पढ्दै जाँदा उहाँलाई राम्रै लागेछ र मलाई पुस्तकको रूपमा छपाउने सल्लाह दिनुभयो । यसरी यो साइनो कविता सङ्ग्रहले पुस्तकको आकार पाउने

पक्का भयो । आफ्ना सात दशकको आरोह अवरोहका अनुभवहरू, समसामयिक अवस्थाहरू, समाज र परिवारभित्र देखेका घटनाहरूलाई देखाउँदै नयाँ रचना यहाँहरूसमक्ष प्रस्तुत गरेको छु । यसलाई पहिलो र नयाँ प्रस्तुतिका रूपमा हेरी सुझावहरू दिनुहुन सम्पूर्ण पाठकज्यूहरूमा अनुरोध गर्दछु ।

यस पुस्तकको सम्पादन कार्य डा. विष्णुकुमार खत्रीज्यूले गरिदिनु भएर ज्यादै ठूलो गुण लगाउनु भएको छ भने आफ्नो व्यस्त अवस्थामा पनि भूमिका लेखी यस पुस्तकको गरिमा बढाइदिनु भएकोमा डा. शैलेन्दुप्रकाश नेपालज्यूप्रति म आभारी छु । पुस्तकलाई टाइप गरी आकार दिनुहुने श्री कालिदास पाण्डेज्यूप्रति धन्यवाद नदिइरहन सक्दिन । मेरा आफन्त, शुभेच्छुक मित्रहरू जसले मलाई प्रत्यक्ष अप्रत्यक्ष रूपमा लेख्न र पुस्तक प्रकाशित गर्न सहयोग र सल्लाह प्रदान गर्नुभयो उहाँहरू सबैलाई यहाँ स्मरण गर्न चाहन्छु । धन्यवाद !

विष्णुप्रसाद पन्त

समय सबैलाई
समान उपलब्ध छ
प्रयोग गर्न जान्नुपर्‍यो ।
।१।

प्रयोग गर्न जान्ने
सफल व्यक्ति बन्दछ
नजान्ने पछि पर्नुपर्छ ।
।२।

गुणवान्‌ले मात्र त
अरूको गुण देख्दछ
सुनारले नै सुन चिन्छ
।३।

कोमल स्वभावले
सबैको मन जितिन्छ
खुसी साथ बाँच्न सकिन्छ
।४।

धेरै टाढा नहेरौँ
खाल्डो नजिकै होला नि
सपना अधुरो रहला ।
।५।

फसेको मान्छेलाई
बोलाएर आउँदैन
समातेर तान्नैपर्दछ ।
।६।

आफूसँग जे हुन्छ
त्यसैमा रमाउनुछ
अन्यथा खुसी मिल्नेछैन ।
।७।

अनुहार हेरेर
मान्छे चिन्न सकिँदैन
व्यवहार नै गर्नुपर्छ ।
।८।

गल्ती नगर्ने भए
कुनै काम नै नगरौँ
हातखुट्टा बाँधेर बसौँ ।
।९।

रुखमाथि चढ्दैमा
जमिन छोडेको हुन्न
दिउसै सपना नदेखौँ ।
।१०।

थोरै प्रेरणा पनि
जीवन बदल्न सक्छ
अन्य औषधीले सक्दैन ।
।११।

बिउँझिनु भनेको
होसमा आउनु नै हो
सजगताको अवस्था हो ।
।१२।

नकारात्मक सोच
सबैका लागि खतरा
बदल्ने कोसिस गरौँ है ।
।१३।

गरेको कामलाई
ठिक समयमा सकौँ
बाँकी राख्ने बानी नगरौँ ।
।१४।

फुलेको कपालमा
कालो लगाउँदै गर्दा
उमेर बढ्न रोकिएला ?
।१५।

उमेर ढल्किसक्यो
केही बुझ्न सकिएन
दोष कसलाई दिने र ! ।
१६।

महँगो वस्तु रे'छ
चिन्नलाई कठिन भो
पछुताउनुपरेको छ ।
।१७।

बोक्रा मात्रै हेरेर
वस्तुको गुण चिनिन्न
भित्र डुब्न सक्नुपर्दछ ।
।१८।

कठिन कामलाई
सजिलो सम्झने गरौँ
सहजै काम पूरा हुन्छ ।
।१९।

तत्कालै परिणाम
मानिसको चाहना यो
सबै काममा मिल्दैन कि ?
।२०।

डोरी बाटेर छोड्दा
गाँठो पार्न नभुलौँ है
परिश्रम खेर जाला कि !
।२१।

आवश्यकको बेला
काम नलाग्ने वस्तुको
जीवनमा अर्थ हुँदैन ।
।२२।

सुकेको वस्तुलाई
जति नै चपाए पनि
रस प्राप्त हुन सक्दैन ।
।२३।

खराब मान्छेसँग
टाढै रहनु उचित
अन्यथा आफ्नै नाश हुन्छ ।
।२४।

सिक्नका लागि घुमौँ
घुमेको घुम्यै नबनौँ
अलपत्र परिएला नि ! ।
।२५।

बचाउने वस्तुले
मृत्यु पनि गराउँछ
प्रयोग गर्न जान्नुपर्छ ।
।२६।

आफू राम्रो नहुने
ऐनालाई दोष दिने
सत्य स्विकार्न सक्नुपर्छ ।
।२७।

बितेका आफन्तको
खराब सोच्ने नगरौँ
अब फेरि भेट हुँदैन ।
।२८।

अरूको पीडा बुझ्न
आफूलाई परेपछि
बल्ल पो महसुस हुन्छ ।
।२९।

भइरहँदासम्म
महत्त्व बुझ्नसकिन्न
अभावमा बल्ल बुझिन्छ ।
।३०।

आफ्नो विश्वास गरौँ
अरूले विश्वास गर्छ
अन्यथा अरूले गर्दैन ।
।३१।

अप्ठेरोमा फलेको
टिप्न नसकिने फल
आश नगर्नु नै राम्रो हो ।
।३२।

अरिँगालको गोलो
चलाउनु ठिक हुन्न
नजिक नजानु नै बेस ।
।३३।

समस्यासँग भाग्ने
आफ्नो लक्ष्यलाई  छोड्ने
सफल् व्यक्ति बन्नसक्दैन ।
।३४।

धन आर्जन गर्न
लक्ष्य पूरा गर्ने गरौँ
लक्ष्य थप गर्दै नै जाऔँ ।
।३५।

माया मात्र गरेर
जीवन चल्न सक्दैन
बाँच्ने कला जान्नैपर्दछ ।
।३६।

आफ्ना कमजोरीको
फाइदा  अरूले लिन्छ
कमजोरी लुकाइराखौँ ।
।३७।

सबै थाहा पाउने
आफन्तसँगका साथ
राम्रो सम्बन्ध राख्नु बेस ।
।३८।

जीवनमा सधैँ नै
तयारीको अवस्थामा
रहने बानी गर्नुपर्छ ।
।३९।

परिस्थिति बुझेर
बाटो रोज्ने गर्नुपर्छ
बाटो फेर्नु पनि पर्नेछ ।
।४०।

अहङ्कार हटाऊ
विनम्रता अपनाऊ
खुसी सधैँ प्राप्त हुनेछ ।
।४१।

असल बानीबाट
असल चरित्र बन्छ
खराब बानी नबसालौँ ।
।४२।

आमा, बुबा र गुरु
जीवन सुधारक छन्
बाँकी अरू शृङ्गारक हुन् ।
।४३।

गर्ने आँट नहुने
अनेक बाहना गर्ने
कमजोरी ढाक्ने प्रयास ।
।४४।

झरीपछिको घाम
बिरामीपछिको काम
बिछोडपछिको मिलन ।
।४५।

कस्तो चर्को यो घाम
क्षण भरमै वैलायो
फक्रन लागेको यो फूल ।
।४६।

पानी नै नपाएर
फूलका बोटहरूले
अकालमा ज्यान गुमाए ।
।४७।

मुहान सफा भए
सफा पानी पाइन्छ नै
थप सफा गर्नुपर्दैन ।
।४८।

जस्तै हुनुको अर्थ
उस्तै हुनु होइन कि
सचेत भई काम गरौँ ।
।४९।

ज्यानको बदलामा
ज्यान दिन त सकिन्न
न्याय दिन त सकिन्छ नि ।
।५०।

कमाउनुको साथै
बचाउन पनि जानौँ
तब मात्र धनी बनिन्छ ।
।५१।

सफलता देखिन्छ
सङ्घर्ष  चाहिँ हेरिन्न
सफल हुन कठिन छ ।
।५२।

भन्याङ उही हुन्छ
कहिले चढ्ने गरिन्छ
कहिले ओर्लने गरिन्छ ।
।५३।

सफल असफल
दुबैको प्रश्न उही हो
उत्तर मात्र फरक हो ।
।५४।

चित्तमा एकाग्रता
मनमा उत्साह साथ
गरेको काम पूरा हुन्छ ।
।५५।

जीवन सधैँभरि
न्यायिक मार्गमा चालौँ
सिकिरहने बानी गरौँ ।
।५६।

समस्यासँग लडौँ
सङ्घर्ष गरेर जितौँ
यसै गरी वीर बन्ने हो ।
।५७।

आफैँले आफूलाई
सम्मानित ठान्नसकौँ
आत्मसन्तुष्टि मिल्नसक्छ ।
।५८।

दुःखलाई सम्झिँदा
दुःख नै मिल्ने गर्दछ
आफू दुःखी नबन्दा राम्रो ।
।५९।

अरूको पीडा देख्दा
पीडाको बोध नहुनु
मानवता नहुनु हो कि ?
।६०।

गाग्री भरी छ भने
पानी थप्न सकिँदैन
प्रयास गर्नु व्यर्थ हुन्छ ।
।६१।

जति गरिएको छ
त्यसका लागि आफू नै
धन्यवादको पात्र हो नि ।
।६२।

सहयोग लिनमा
लाज मान्नु हुँदैन नि
लक्ष्य प्राप्ति गर्नका लागि ।
।६३।

त्रुटि सबैको हुन्छ
सच्चिन सक्नुपर्दछ
सच्चिए माफ दिनुपर्छ ।
।६४।

नपाइने वस्तुको
खोजी नगर्नु नै बेस
सही जानकारी भएमा ।
।६५।

खुसी पार्न सकिन्न
दुःखी नपार्न सकिन्छ
सक्ने कुरा अवश्य गरौँ ।
।६६।

बसिरहँदासम्म
कतै पनि पुगिँदैन
हिँडेपछि मात्र पुगिन्छ ।
।६७।

निरन्तरताले नै
सफलता प्राप्त गर्छ
खाँचो छ निरन्तरताको ।
।६८।

हार्नु गल्ती होइन
हार मान्नु चैं गल्ती हो
हार्नेले फेरि जित्नसक्छ ।
।६९।

सक्दछु भन्ने सोचौँ
खुब मिहिनत गरौँ
गरिबी आफैँ पर भाग्छ ।
।७०।

सक्दिँन भन्ने सोच
जो व्यक्तिमा आउँदछ
ऊ सधैँ असफल हुन्छ ।
।७१।

कपडा बदलेर
सन्त हुन सकिँदैन
स्वभाव बदल्नुपर्दछ ।
।७२।

आफ्नो साथी आफैँ हो
आफैँलाई माया गरौँ
आफैँलाई विश्वास गरौँ ।
।७३।

खराब एक शब्द
सम्बन्ध बिगार्नसक्छ
सोचेर शब्द बोल्दा राम्रो ।
।७४।

सुख घर आउँदा
उमेर गइसकेको
जीवनको यथार्थता हो ।
।७५।

सङ्ग्रह गर्दै जाँदा
समस्या पनि आउँछ
मिलाउँदै जीवन जान्छ ।
।७६।

थोरै हुँदा खुसी थ्यो
थपिँदै जाँदा कता गो
धेरै हुँदा मात्र चिन्ता भो ।
।७७।

जोखिम सँगसँगै
सम्भावना आउँदछ
डराउने पाखा लाग्दछ ।
।७८।

आफूले बोल्दै गर्दा
कुरा दोहोरिरहन्छ
नयाँ कुरा त सिकिँदैन ।
।७९।

अरूको कुरा सुन्दा
नयाँ कुरा सिकिन्छ नै
सुन्ने बानी विकास गरौँ ।
।८०।

पहिले सिप सिकौँ
सिकेको काम नै गरौँ
अनि पो सफल भइन्छ ।
।८१।

सोचेर काम थालौँ
लाभको प्रतीक्षा गरौँ
हतारमा काम नछोडौँ ।
।८२।

आफूबाट भएको
गल्ती देख्ने आफू नै हो
अरूले नदेख्न सक्दछ ।
।८३।

आफू हिँड्ने बाटो त
आफैँ बनाउनुपर्छ
बनाएको पाइँदैन नि ।
।८४।

जीवन बाँच्ने कला
आफैँले रोज्नुपर्दछ
जस्तो पनि बन्नसकिन्छ ।
।८५।

समयलाई चिनौँ
असल काममा खर्चौं
महान् व्यक्ति बन्नसकिन्छ ।
।८६।

नीरस वस्तुलाई
जति नै निचोरे पनि
रस कदापि आउँदैन ।
।८७।

आफूसँग जे हुन्छ
अरूलाई त्यही दिन्छौँ
नभएको दिन सकिन्न ।
।८८।

प्रेमपूर्वक बाँचौं
सम्मानपूर्वक छोडौं
पर्खिरहेकालाई भेटौं ।
।८९।

समस्याको जन्म त
आफैंबाट हुने गर्छ
अरूलाई केको दोष नि !
।९०।

पीडा सबैको उस्तै
बाँडेर सहने गरौं
यही नै हो मानव धर्म ।
।९१।

शरीरको तुलना
सम्पत्तिसँग नगरौं
देह सबैको अमूल्य छ ।
।९२।

फलका लागि मात्र
वृक्ष रोप्ने नगरौँ कि
स्वार्थी सोच धेरै नराखौँ ।
।९३।

धेरैसँग सोध्नाले
धेरै विचार आउँछ
सही निर्णय हुनसक्छ ।
।९४।

मूल फरक हुँदा
पानीको स्वाद फेरिन्छ
तरलता उस्तै हुनेछ ।
।९५।

सात बारमै पूरा
बित्तछ त जीवन यो
अधिक सोच्नुको के अर्थ ।
।९६।

प्यासीले पानी खोज्छ
पानीले प्यासी खोज्दैन
आवश्यक पर्नेले खोज्छ ।
।९७।

संचय गर्ने बानी
सबै व्यक्तिमा हुँदैन
हुने व्यक्ति नै धनी हुन्छ ।
।९८।

खुसीसँग बाँच्न त
सन्तोषी हुनुपर्दछ
काम गर्न छोड्नुभएन ।
।९९।

खुसी पार्ने कलाले
सबैलाई जित्नसक्छ
यो त जादुकै छडी भयो ।
।१००।

रसविनाको फल
स्रोताविनाको भाषण
कानुन नभएको देश ।
।१०१।

भोकपछिको खाना
मिठो नहोस् त कसरी
मिठोको अर्थ बुझियो कि ?
।१०२।

पाकेको फललाई
बोटबाट टिप्नु बेस
नटिपे सडेर झर्नेछ ।
।१०३।

आँधीमा बत्ती बाल्ने
निभेपछि हल्ला गर्ने
पहिले नै सोच्नुपर्दैन ।
।१०४।

बिरालाको अगाडि
दुधको भाँडो रहेछ
दुध बाँकी नबस्ने भयो ।
।१०५।

अरूबाट थापेको
मिठो खाने कुराभन्दा
आफ्नो आर्जनको पिठो मिठो ।
।१०६।

बाँच्नका लागि खाने
खानका लागि नै बाँच्ने
खानु त सबैले पर्छ नै ।
।१०७।

फर्किन सक्ने गरी
अगाडि बढ्नेले मात्र
लक्ष्य प्राप्त गर्नसक्दछ ।
।१०८।

खाएको जिभ्रोलाई
तालिम दिनुपर्दैन
वस्तुको स्वाद थाहा हुन्छ ।
।१०९।

स्वाद बुझ्नेले मात्र
चाहना बढी राख्दछ
प्राप्त गर्ने प्रयास गर्छ ।
।११०।

स्रोतको खोजी गर्नु
सबैको कर्तव्य नै हो
नदी सागरमा मिल्दछन् ।
।१११।

दुःखको समाचार
सुन्न मन नै लाग्दैन
तर सुन्नु नै परेको छ ।
।११२।

थोरै लुगा लाउनु
कपडा बचाउनु हो
राम्रो बन्ने चाहिँ होइन ।
।११३।

प्राइभेट नोकरी
पाखुरा चलेसम्म हो
जहिले पनि धरापमा ।
।११४।

सही बाटो नहिँडे
आफ्नै घर त पुगिन्न
नबुझी हिँड्नेको के गति ।
।११५।

सबै दौडिरहेछन्
पुगेका त कोही छैनन्
दौडनुको अर्थ के भो र ?
।११६।

अरूको नसुन्नेले
आफ्नो पनि नसुनाऔँ
सुन्ने कोही पनि हुँदैन ।
।११७।

चट्टानको कापमा
पीपल उम्रेको हुन्छ
माटो नपाई सानै हुन्छ ।
।११८।

चट्टान जस्तो छाती
कोमलताको अभाव
बाँझो जमिन जस्तै भयो ।
।११९।

बाजा आफैँ बज्दैन
ताल र सुर दिँदैन
जान्नेले बजाउनुपर्छ ।
।१२०।

अर्काको दोष देख्ने
आफू चैँ राम्रो छु भन्ने
ऐनाको सामु जानुपर्‍यो ।
।१२१।

नभएको बेलाको
थोरै सहयोग पनि
धेरै ठूलो साबित हुन्छ ।
।१२२।

आफूसँग भएको
थोरैबाट कटाएर
गर्ने सहयोग ठूलो हो ।
।१२३।

दुःख परेको बेला
लगाएको गुनलाई
कहिल्यै तिर्न सकिँदैन ।
।१२४।

कपडा बदलेर
मानिस बदलिँदैन
विचार बदल्नुपर्दछ ।
।१२५।

औपचारिक शिक्षा
मौसमी खेती जस्तै हो
स्याहार नपुगे फल्दैन ।
।१२६।

सधैँ सिक्ने हो भने
काम गर्ने कहिले हो
जीवनको उपलब्धि के ?
।१२७।

गरे जस्तो देखिन्छ
तरिका थाहा छैन कि
परिणाम देखिँदैन क्यै !
।१२८।

आफ्नो सिसाको घर
अरूलाई  ढुङ्गा हान्दा
परिणाम कस्तो आउला ?
।१२९।

केही बोल्नै नहुने
रिसाइ नै हाल्नुपर्ने
सहनशीलताको कमी ।
।१३०।

अभावको बेलामा
सबैजना बाँच्नु नै छ
बाँडेर नै लिनु राम्रो हो ।
।१३१।

मन नै कमजोर
रोगसँग डराउने
रोगले पछार्ने नै भयो ।
।१३२।

परीक्षा दिने मात्र
सफल विफल हुने
रमितेहरू धेरै हुन्छन् ।
।१३३।

मुटु सबैको हुन्छ
पीडा सहन गाह्रो छ
परेकाले मात्र बुझ्दछ त ।
।१३४।

टाढाबाट देखेको
आफ्नै जस्तो लागेको हो
ठम्याउन सकिएन छ ।
।१३५।

जताततै पानी छ
प्यास लागिरहेको छ
पिउन नमिल्ने रहेछ ।
।१३६।

शब्द कमी नै हुन्छ
सबै कुरा व्यक्त गर्न
इसाराको खाँचो पर्दछ ।
।१३७।

प्रतीक्षा कैलेसम्म
बाँच्ने आशै मर्न लाग्यो
अति नै भएको होइन ।
।१३८।

बुझ्न सजिलो हुन्छ
बुझाउन गाह्रो हुन्छ
आफू र अर्कोमा फरक ।
।१३९।

गोली झैँ बोली हुँदा
गहिरो घाउ लाग्दछ
निको हुन कठिन हुन्छ ।
।१४०।

पिठो राम्रो हुन त
गहुँ राम्रो हुनुपर्छ
घट्ट राम्रो भएर हुन्न ।
।१४१।

जात र धर्मले नै
समाजमा विखण्डनको
बीज रोप्ने काम गर्दै छ ।
।१४२।

अनुकूल समय
पर्खेर बसेको हुन्छ
जमिनका लागि बीजले ।
।१४३।

शत्रु सबैको हुन्छ
सबैले जित्न खोज्दछन्
कसैको मात्र जित हुन्छ ।
।१४४।

न पाउन सकियो
न दिन नै पो सकियो
व्यर्थैमा जीवन सकियो ।
।१४५।

कहिले हाँसियो त
कहिले रुने गरियो
नबुझ्दै जीवन सकियो ।
।१४६।

नबुझ्दा सबै समान
बुझ्दै गर्दा भो अचम्म
बुझिसक्दा बोली नै बन्द ।
।१४७।

पन्छीले बस्ने घर
कहिल्यै बनाउँदैन
सन्तान हुर्काउन मात्र ।
।१४८।

सबैको बाँच्ने कला
फरक हुने गर्दछ
बुझेर व्यवहार गरौँ ।
।१४९।

वस्तु एउटै हुन्छ
बनाउन जान्यो भने
परिकार धेरै हुनेछ ।
।१५०।

जन्ती बन्ने मान्छे र
मलामी बन्ने मान्छे त
एउटै पनि हुनसक्छ ।
।१५१।

जन्मिँदा आफू रुन्छ
अरू खुसीले हाँस्दछन्
मर्दा आफू मात्र हाँसिन्छ ।
।१५२।

गरिब छोरो हुनु
बाध्यता हुनसक्दछ
धनी बाबु बन्नुपर्दछ ।
।१५३।

धेरै भएर हुन्न
व्यवस्था मिलाउनु छ
थोरै भए पनि पुग्दछ ।
।१५४।

जम्मा गर्ने कति हो
सीमा निर्धारण गरौं
असीमित चाहना त्यागौं ।
।१५५।

धेरै नभए पनि
सुख प्राप्ति हुन सक्छ
सुख नै चाहने हो भने ।
।१५६।

अर्काको नासोलाई
आफ्नो ठान्ने नगरौँ कि
फिर्ता गर्नुपर्छ होला नि ।
।१५७।

माटोमा फल्ने वस्तु
बोटमा फल्न सक्दैन
कोसिस नगर्नु नै बेस ।
।१५८।

हतियारको धार
दुईतिर छ भने त
होस पुऱ्याई चलाउनू ।
।१५९।

एकबारको जुनी
निलो आकाशको मुनि
खुसीले बाँच्नुपरेको छ ।
।१६०।

असल बिग्रिने हो
माथिको तल झर्ने हो
उद्गम बिन्दु जिम्मेवार ।
।१६१।

छर्न सजिलो हुन्छ
टिप्नलाई सारै गाह्रो
अल्प सोचको परिणाम ।
।१६२।

शरीरभित्र म छु
तर म शरीर हैन
मलाई देख्न सकिँदैन ।
।१६३।

करेन्ट देखिँदैन
तारमा चलिरहन्छ
करेन्टले नै बत्ती बल्छ ।
।१६४।

सानो भाँडो बोक्नेले
धेरै भिक्षा पाउँदैन
भाँडाको आकार बढाऊ ।
।१६५।

राम्ररी गाडी हाँक्न
चालक पनि त राम्रो
र स्वस्थ हुनुपर्छ हैन ? ।
।१६६।

गर्न नसक्नेले त
ठाउँ छोडिदिनु बेस
सक्नेले गर्न पाउँछ नि ।
।१६७।

लक्ष्यविनाको मान्छे
जुरो नभएको गोरु
दानापानीको नास मात्र ।
।१६८।

अरू सफा गर्न त
आफू सफा हुनुपर्‍यो
आफू चैँ सफा देखिँदैन ।
।१६९।

आफू तर्न नसक्ने
अरूलाई तार्न खोज्ने
सबैको अन्त्य हुने नै भो ।
।१७०।

योग्यताको बेवास्ता
चाकडी र भागबण्डा
योग्य मान्छे विदेश लागे ।
।१७१।

अचम्मको प्राणी यो
शरीर हेर्दा मान्छेको
मन र मस्तिष्क अर्कैको ।
।१७२।

गुलाबको बोटमा
काँडा पनि साथै हुन्छ
फूल मात्र हेर्ने नगरौँ ।
।१७३।

आफैँलाई नचिन्ने
अरूलाई चिन्न खोज्ने
सिङ नभा’को गोरु जस्तो ।
।१७४।

खाटा बसेको घाउ
कोट्याइरहनु हुन्न
अर्बुद भई ज्यान जाला ।
।१७५।

आफू बसेको ठाउँ
सबैभन्दा राम्रो लाग्छ
सबैले भन्न सक्नुपर्‍यो ।
।१७६।

आमाको जति पीडा
अरूले भोग्नुपर्दैन
सम्मान आमाको गर्ने हो ।
।१७७।

अधिकार दिने हो
क्षमता जाँच गरेर
अयोग्यको हातमा पर्ला ।
।१७८।

नेता बन्नका लागि
नागरिकताले पुग्छ
अरू प्रमाण चाहिँदैन ।
।१७९।

परिवार नमिल्ने
अरूलाई मिलाउने
केके देख्न पाइनेभयो ।
।१८०।

पानी हुँदासम्म
माछाले कमिला खान्छ
नत्र कमिलाले माछा खान्छ ।
।१८१।

आफ्नो स्थानमा हुँदा
सबैको मर्यादा हुन्छ
नत्र चुँडेको चङ्गा हुन्छ ।
।१८२।

शिरमा हुँदासम्म
टोपीको इज्जत हुन्छ
जुत्ताको इज्जत पाउमा ।
।१८३।

सेतो कागजमाथि
लेख्न खोज्ने हो भने त
सबै रङ्गले लेख्न मिल्छ ।
।१८४।

भाँडो खाली भएमा
वस्तु हाल्नसकिन्छ नै
भरी भए त पोखिन्छ पो ।
।१८५।

अरूको घर हेर्दा
आफ्नैमा आगो लागेछ
अब कसले निभाउने ।
।१८६।

डर हुनुपर्दछ
अनुशासनका लागि
मान्छेका लागि पर्दैन कि ? ।
।१८७।

कानुनको पालना
सबैले गर्नुपर्दछ
नगरे सजाय हुनेछ ।
।१८८।

अपराध गर्नेले
लुकाउन खोज्दछ नै
राज्यको क्षमता देखिन्छ ।
।१८९।

हावा भरी बेलुन
फुट्न बेर त लाग्दैन
तमासा देखिने भइयो नि ।
।१९०।

कसैको नहुने पो
सबैको हुने गर्दछ
त्यही महत्त्वपूर्ण हुन्छ ।
।१९१।

स्वादका लागि खायौ
शरीरमा रोग ल्यायौ
दुःख पाउँदा थाहा पायौ ।
।१९२।

अस्थायी मान्छेसँग
स्थायी नाता पो कसरी
सबै नै नाटक मात्र हो ।
।१९३।

मुसो मार्नका लागि
घरमा आगो नझोस
आफ्नो घर पनि त्यही हो ।
।१९४।

अरूले दिने पीडा
सहन सजिलो हुन्छ
आफ्नाले दिने पीडा गाह्रो ।
।१९५।

आमा बनेर बुझ
सहन कति गाह्रो छ
हेर्नेले बुझेको हुँदैन ।
।१९६।

छेउबाट हेरेर
पूरै बुझ्न सकिँदैन
बुझ्न त बाँकी रहन्छ नै ।
।१९७।

अरूलाई सम्झाऊ
आफूलाई बुझ्नु छैन
पण्डित बनेर के गर्नु ।
।१९८।

खोक्रो नारा दिँदै छौ
श्रोता त नयाँ होलान् नि
श्रोता सधैँ पाइएला र ?
।१९९।

मानिस एउटै हो
विदेशमा बस्दा राम्रो
देश फर्केपछि बिग्रिने ।
।२००।

पर्खाइ लामो भयो
आशा सबै टुट्न लाग्यो
रात सकिँदैन कि के हो ?
।२०१।

शरीर तातिँदैमा
ज्वरो बढेको नठानौँ
कारणको खोजीमा लागौँ ।
।२०२।

आँखामा रातीगेडी
किन बिझ्झाउँदैन त
आफूमा रहेको गुणले ।
।२०३।

एकझिल्को आगोले
सहर नै जलाउँछ
बेलैमा विचार पुऱ्याऔँ ।
।२०४।

छाया टिप्न सकिन्न
वस्तु पो टिप्न सकिन्छ
छुट्याउन जान्नुपर्दछ ।
।२०५।

प्रकाश भए मात्र
छायाको जन्म हुनेछ
वस्तु भएर मात्र हुन्न ।
।२०६।

गुलाफको बोटमा
फूल मात्र हुँदैन नि
काँडा पनि साथैमा हुन्छ ।
।२०७।

आफूलाई नहेरी
अरूको त्रुटि नखोज्नु
त्रुटि आफैँमा पनि हुन्छ ।
।२०८।

काम सबै उस्तै हुन्
सम्मानका साथ हेरौँ
खुसी त्यसैबाट मिल्छ ।
।२०९।

ठूलो वृक्षको मुनि
बिरुवा फस्टाउँदैन
उम्रिनु उसको बाध्यता हो ।
।२१०।

समुद्र बन्न सिकौँ
नदी आफैँ आउनेछन्
पानीको कमी हुँदै हुन्न ।
।२११।

तुलना गर्नाले नै
आफूमा पीडा जन्मिन्छ
खुसी हराएर जानेछ ।
।२१२।

आज बाँच्नलाई त
हिजोलाई बिर्सनु छ
भोलिलाई पर्खनु हुन्न ।
।२१३।

सबैको भलो गरौँ
नसोचेको काम बन्छ
परिणाम हेर्ने होइन ।
।२१४।

राजनीतिको खेल
हुँदो रहनेछ मेल
जताततै जाल र झेल ।
।२१५।

अवसरवादी हौँ
अवसरकै खोजीमा
जतासुकै फाल हाल्दै छौँ ।
।२१६।

राजनीति सेवा हो
पेसा ठान्ने गरेका छौ
एकदिन नाङ्गो हुनेछौ ।
।२१७।

जनताका आडमा
मनपरी गर्दैगर्दा
परिणामको ख्याल रहोस् ।
।२१८।

लाज नहुने नेता
नेपालमा मात्र हो कि
अरू देशमा पनि हुन्छन् ?
।२१९।

विश्वास गर्दा धोखा
जनताले पाएका छौँ
अर्कोचोटि देखिहाल्नेछौ ।
।२२०।

खेल मैदान  नयाँ
खेलाडी पुराना भए
खेल कसरी राम्रो हुने ।
।२२१।

पुराना मिस्त्रीबाट
नयाँ यन्त्र चलाउने
विचार लिनु ठिक हुन्न ।
।२२२।

लुट्नेहरूको भिड
बाँचेर हिँड्ने कसरी
जमाना कस्तो आएको हो ।
।२२३।

युवा लागे विदेशमा
खेतबारी बाँझै भए
के खाने हो बुढाबुढीले ।
।२२४।

इसारामा चलेको
खाल्टाखुल्टी नदेखेको
खाल्डामा खस्नु ठिकै त हो ।
।२२५।

बाठो बन्न खोज्दै थ्यो
नबुझेर बोल्दैगर्दा
तोरीको फूल देख्नेभो ।
।२२६।

गधामाथि चढेर
घोडा चढे जस्तो गर्दा
परिणाम कस्तो होला त ?
।२२७।

खहरेको भेलले
बिगार्ने काम गर्दछ
सहनशीलताको कमी ।
।२२८।

दिल दुखाउनेले
सिसा फुटाउन सक्छ
टाढा बस्नु नै बेस होला ।
।२२९।

राम्रोसँग नबुझ्री
विश्वास गर्दा डुबियो
दोष कसलाई दिनू, खै ?
।२३०।

डाडुमा पौडी खेल्दा
चोट त लाग्ने नै भयो
शरीर घटाउनु पऱ्यो ।
।२३१।

खुर्सानी पिरो हुन्छ
खाएर मात्र बुभ्किन्छ
पिरोको स्वाद जान्नुपऱ्यो ।
।२३२।

इसारामा चल्नेले
स्वतन्त्रता गुमाउँछ
बाँधेको पशु जस्तै हुन्छ ।
।२३३।

कठिनको बेलामा
मित्रको परीक्षा हुन्छ
स्त्रीको परीक्षा अभावमा ।
।२३४।

पीपलको बोटमा
आँप झैँ फल फल्दैन
पीपलको रूख काटिन्न ।
।२३५।

कोरोनाको कहर
विश्वलाई नै तर्सायो
प्रकृतिको हस्तक्षेप हो ।
।२३६।

पापको डर छैन
जे पनि गर्न तम्सिने
दुःख पाउनु स्वाभाविक ।
।२३७।

खोला च्यापेर बस्ने
घर बगाउने नै भो
सबैको अस्तित्व बचाऔँ ।
।२३८।

सहजै प्राप्त हुँदा
महत्त्व कम भएको
अभाव भएपछि बुझ्छौ ।
।२३९।

आफू अघाएपछि
अरूलाई बाँड्नेहरू
दानवीर नै मान्नुपर्छ ।
।२४०।

खेत जोत्ने हलीले
राम्ररी नजोतेपछि
खेती बिग्रिने नै भयो नि ।
।२४१।

भोट दिनेमा चोट
सुकिसकेको छ ओठ
फुट्न खोजिसकेको बाँध ।
।२४२।

विकासका नाममा
जतासुकै भत्काउने
पैरो त जाने नै भयो नि ।
।२४३।

सबै जनता जान्ने
प्राविधिक ज्ञान  छैन
कस्तो होला देशको स्थिति ।
।२४४।

जुरो नभाको गोरु
हल मिलाउन गारो
खेतबारी जोत्ने कसरी ।
।२४५।

नक्कल गर्न खोज्दा
सबै कुरा सखाप भो
घर न घाटको कुकुर ।
।२४६।

अरूको हानि गर्दा
आफ्नै हानि हुनेछ
भकुन्डो फर्के जस्तो गरी ।
।२४७।

आफूभित्र जे हुन्छ
सबैमा त्यही देख्दछौँ
मानव स्वभाव यही हो ।
।२४८।

सानालाई पछार्ने
ठूला देख्दा परै भाग्ने
काम शून्य धाक चैं धेरै ।
।२४९।

पानीभित्र आगो छ
भेट्न सारै गारो रै'छ
आपसमा मिली बसेका ।
।२५०।

आफू पनि नगर्ने
गर्न पनि नदिने भो
मान्छेको नाममा कलङ्क ।
।२५१।

सिसाको घरवाला
अरूको झ्यालमा हान्ने
मूर्ख मान्छेले यस्तै गर्छ ।
।२५२।

आफूसँग नहुँदा
चाहना पो बढी हुने
अभावमा बाँचेको जीवन ।
।२५३।

अर्काको धनलाई
आँखा नगाडौँ कि साथी
अप्ठेरोमा परिएला नि ।
।२५४।

नबुझी भुइँ छोड्दा
कता पुगिने हो कुन्नि
चङ्गा जस्तै चेट हुने हो ।
।२५५।

आफूसँग भाकोले
चाहना पूरा हुँदैन
अर्को वस्तुको खोजी हुन्छ ।
।२५६।

एकै ठाउँ बस्दैमा
नजिक हुन सक्दैन
पानीभित्र ढुङ्गा भिज्दैन ।
।२५७।

मुख नहुनेसँग
मुस्कान कसरी मिल्छ
आश गर्नु मूर्खता हुन्छ ।
।२५८।

शरीर स्वस्थ भए
संसार स्वस्थ हुनेछ
बाँच्न पनि मन लाग्नेछ ।
।२५९।

मन खुसी भएमा
सबैतिर राम्रो लाग्छ
आँखा नखोले पनि हुन्छ ।
।२६०।

साथी ऐना  जस्तै हो
ऐनाले झुठो बोल्दैन
साथी असल हुनुपर्छ ।
।२६१।

मित्रको भन्दा बढी
शत्रुको प्रशंसा गरौँ
शत्रुताको अन्त्य हुनेछ ।
।२६२।

खराब बाबु पनि
असल सन्तानको नै
चाहना राखेको हुनेछ ।
।२६३।

राम्रो बन्नुछ भने
सङ्गत राम्राको गरौँ
अन्यथा जेपनि हुनेछ ।
।२६४।

बोली मीठो बनाऊ
प्रसन्न मुद्रा बनाऊ
सबैजना खुसी हुनेछन् ।
।२६५।

आवाज ठूलो दिने
कुनै पनि  भाँडाभित्र
वस्तु भरिएको हुँदैन ।
।२६६।

आज फेल हुनेले
प्रयास गर्दै गरेमा
भोलि पास गर्ने पक्का छ ।
।२६७।

प्रयोग गर्न जाने
सबै वस्तु काम लाग्ने
आफैँसँग ज्ञानको कमी ।
।२६८।

पानी सबै एकै हो
स्थान र मार्ग फरकले
स्वाद रङ्ग गुण फेरिन्छ ।
।२६९।

लोभ गर्दा फसिन्छ
इन्द्रिय छाडा नछोडौँ
बुद्धि विवेक प्रयोग गरौँ ।
।२७०।

आफूसँग भएको
अरूका लागि दिने हो
मागेका सबै पाइँदैन ।
।२७१।

कहरले होइन
रहरले काम गरौँ
सुख त यसैमा मिल्नेछ ।
।२७२।

साधारण मित्र नै
असाधारण रहन्छ
खोजी गर्न सक्नुपर्दछ ।
।२७३।

कुनै पनि काममा
एकाग्रता हुनुपर्छ
सफलता निश्चित हुन्छ ।
।२७४।

पढेर पास हुन्छ
गरेर काम सिकिन्छ
सिपले उत्कृष्ट बनिन्छ ।
।२७५।

रातको अन्त्यबाट
दिनको सुरु हुनेछ
उज्यालो आफैँ आउनेछ ।
।२७६।

बच्चाको जन्मसँगै
आमाको जन्म हुनेछ
आमा जन्माउने बच्चा हो ।
।२७७।

स्वाद थाहा नभए
आकर्षित भइँदैन
इच्छा पनि जागा हुँदैन ।
।२७८।

पार्टी सबै बिग्रिए
गुट नै गुटको खेतीले
नेता बिग्रे झुटो बोलिले ।
।२७९।

देश सिङ्गै बिग्रियो
व्यक्ति बन्ने चाहनाले
सोच बदल्न ढिलो भयो ।
।२८०।

अपमानको पीडा
सहन धेरै गाह्रो छ
भोगेपछि थाहा हुनेछ ।
।२८१।

सबैले दिन खोज्ने
लिन कोही नचाहने
नमागी दिने सल्लाह हो ।
।२८२।

झुक्न नसक्ने वृक्ष
फलविहीन हुन्छ नै
चाँडै नै टुट्न वाध्य हुन्छ ।
।२८३।

जमिन बिर्सिनेले
आकाश छुन सक्दैन
हावामा तैरिनुपर्नेछ ।
।२८४।

कर्कलाको पातमा
पानीको थोपा जस्तै हो
मानिसको जीवन बुझौँ ।
।२८५।

चढाइ पूरा भयो
सधैँ बस्न त मिल्दैन
तल झर्नु अवश्य पर्छ ।
।२८६।